आर्थिक राष्ट्रिय दैनिक

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम (छाला उद्योग) सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**सूचना प्रकाशित मितिः- २०७८/१०/१२ गते**

यस निर्देशनालयको आ.व. ०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम (छाला उद्योग) मा आधारित उद्योग स्थापना गरी उद्योग प्रवर्द्धन, आयात विस्थापन र निर्यातलाई प्रवर्द्धन गर्दै आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले उद्योगहरुलाई आवश्यक पर्ने मेशिन तथा औजार लागत सहभागिताका आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक उद्यमीहरुले देहायको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सिलवन्दी प्रस्ताव पेश गर्नुहुन जानकारी गराईन्छ ।

**क.** कार्यक्रम/आयोजनाको नाम : एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम (छाला उद्योग) ।

**ख.** उद्देश्य : जिल्लामा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी उद्योग प्रवर्द्धन, आयात विस्थापन र निर्यातलाई प्रवर्द्धन गर्दै आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ।

**ग.** कार्यक्रम/आयोजना संचालन हुने स्थान : सुर्खेत जिल्ला ।

**घ.** **संलग्न गर्नुपर्ने कागजात:**

१. अनुसूची – १ बमोजिमको निवेदन ।

२. उद्यमीको नेपाली नागरिकताको प्रतिलिपी ।

३. उद्योग दर्ताको प्रमाणपत्र, करदर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.हरुमा दर्ता भएको भए करचुक्ता प्रमाणपत्र, र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा लेखा परिक्षण प्रतिवेदन समेत ।

४. कुनै राजनैतिक दल वा सम्प्रदाय विशेषलाई मात्र लाभ नपुग्ने सम्बन्धी स्वःघोषणापत्र ।

५. कुनै सरकारी/गैरसकारी निकायमा प्रचलित कानुन बमोजिम कालो सूची परे/नपरेको स्वःघोषणा पत्र।

६. अन्य/विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा स्वःघोषणा पत्र ।

७. व्यवसायिक योजना ।

८. *इजाजत/अनुमती/अनुज्ञापत्र लिनुपर्ने उद्योगको हकमा सो समेत संलग्न गर्नुपर्ने ।*

९. *आवश्यक सामाग्रीसंग मेल खाने कुनै कम्पनीको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर भए सो संलग्न गर्ने तर उक्त ब्रोसियरमा अनुदानग्राहीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्ने।*

१०. *दलित तथा अपाङ्ग उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपी (कम्पनी तथा साझेदारी फर्मको हकमा लागू नहुने)।*

११. *तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धी कागजातको प्रतिलिपी।*

१२. *आवश्यक अन्य कागजात एंव विवरण ।*

**नोट :**

क. यो कार्यक्रम मार्फत उपलब्ध गराइने अनुदान सहयोग लक्षित वर्गको हकमा लागतको ७०% हुनेछ भने सो बाहेक अन्यको हकमा लागतको ५०% हुनेछ । कम्पनी वा साझेदारी फर्मलाई लक्षित वर्ग भित्र गणना गरिनेछैन ।

ख. यस कार्यक्रमद्वारा प्रदान गरिने अनुदानको सीमा लागत सहभागिता बाहेक कम्तिमा रु. ५० (पचास) लाख देखि बढीमा रु. १ करोड (कन्टिन्जेन्सी सहित) बराबरको हुनेछ र विनियोजित बजेटको अधिनमा रही अनुदानग्राहीको माग र बजेटको उपलब्धताको आधारमा अनुदानग्राहीको संख्या निर्धारण गरिनेछ ।

ग. यस कार्यक्रमको लागि माग हुने मेशिन औजार नेपालमै उत्पादन हुने भए आयातित भन्दा १०% सम्म महंगो भएपनि स्वदेशी उत्पादन खरिदलाईनै प्राथमिकता दिइनेछ ।

घ. अनुदानग्राही प्रचलित औद्योगिक व्यवसाय ऐन अनुसार सुर्खेत जिल्लामा दर्ता भै सञ्चालन रहेको वा दर्ता भै सञ्चालन गर्ने क्रममा रहेको हुनुपर्नेछ ।

ङ. अनुदानग्राही प्रोप्राइटर फर्म भएमा प्रोप्राइटरलाई अनुदानग्राही मानिनेछ, साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई अनुदानग्राही मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ, भने कम्पनी फर्मको हकमा कम्पनीको निर्णयानुसार अख्तियारवाला तोकी निजबाट कागजात पेश भएको हुनुपर्नेछ ।

च. अनुदानग्राहीले पेश गर्ने प्रत्येक कागजातको पछाडी उद्यमी स्वयम प्रमाणित गरेको हुनुपर्नेछ ।

छ. अनुदानग्राहीले प्रस्ताव अनिवार्य रुपमा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

नि. निर्देशक

Scanned with CamScanner

ज. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव दर्ता गराउन सकिनेछ ।

झ. विनियोजित अनुदान रकमबाट नियमानुसार कन्टेन्जेन्सी रकम कट्टा गरिनेछ ।

ञ. यस कार्यक्रमका लागि उद्यमी छनौट भएपश्चात निजले निर्देशनालयको नाममा रहेको कार्य संचालन कोषमा अनुदानग्राहीको लागत सहभागीता बराबरको रकम सूची प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र जम्मा गरी सक्कल भौचर निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

ट. अनुदान वापत अनुदानग्राहीलाई उपलब्ध गराइने मेशिनरी औजार तथा सामग्री खरिदको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा कर्णाली प्रदेशको सार्वजनिक खरिद नियमावली, २०७८ मा व्यवस्था भए बमोजिम निर्देशनालयबाटै खरिद कार्य गरी हस्तान्तरण गरिनेछ ।

<u>पुनश्च</u> : थप जानकारीको लागि कार्यालय समय भित्र टेलिफोन नं.९८६८०४२५४१ मा सम्पर्क गर्नु होला ।

निर्देशक

नि. निर्देशक

Scanned with CamScanner